संघीय संसद
राष्ट्रिय सभा
बाह्रौं अधिवेशन
बैठक - २१
सूचनापत्र -२
(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:३० बजे*
*बैठक स्थगित : १२:४० बजे*
*स्थगित बैठक प्रारम्भ : १२:५५*
*बैठक अन्त्य : १२:५८*

२०७९ असार ३ , शुक्रबार (दोस्रो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **एक्काइसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १२:३०** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई "विनियोजन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुहुँदा प्रमुख प्रतिपक्षी दलले उठेर विरोध जानाएपछि प्रतिपक्षी दलका माननीय सदस्य खिमलाल भट्टराईलाई विरोधको कारण जाहेर गर्न समय दिनुभएपछि माननीय खिमलाल भट्टराईले विरोधको कारण सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले पटक पटक अनुरोध गर्नुहुँदा समेत प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले उभिएर विरोध जनाउन नछाडेपछि सो बैठक १५ मिनेटको लागि स्थगित भएको घोषणा गर्नुभयो ।

सभा स्थगित भएको १५ मिनेट पछाडी सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई "विनियोजन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय अर्थमन्त्री जनार्दन शर्माले "विनियोजन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "विनियोजन विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा उक्त प्रस्तावमाथि छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीले पेश गर्नुभएको "विनियोजन विधेयक, २०८९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ पेश गर्नुहुँदा उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले "विनियोजन विधेयक, २०७९" का विभिन्न शीर्षकहरूमाथि छलफलका लागि २०७९ असार ६, ७ र ८ गतेका दिनहरू र सम्बन्धित मन्त्रीबाट जवाफ दिनका लागि मिति २०७९ असार ९ र १० गतेका दिनहरू निर्धारण गरेको जानकारी गराउनुहुँदै उक्त छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले छलफल हुने दिन भन्दा एक दिन अगावै कार्य व्यवस्था शाखा (राष्ट्रिय सभा) मा दलीय आधारमा नाम उपलब्ध गराउनु हुन अनुरोध गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार ५ गते आइतवार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव